आज मिति २०८२ साल असार महिनाको ८ गतेका दिन पलाँता गाउँपालिकाका अध्यक्ष श्री विष्णु बहादुर शेकाया ज्यू को अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल को उपस्थितीमा देहाय बमोजिमको निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| [signature] | १. श्री विष्णु बहादुर शेकाया | – | गा० पा० अध्यक्ष |
| [signature] | २. श्री अन्नपुरा (हमाल) जैसी | – | ,, ,, उपाध्यक्ष |
| [signature] | ३. श्री मनरुप न्यौपाने | – | वडा अध्यक्ष वडा नं. १ |
| [signature] | ४. श्री भिम प्रसाद न्यौपाने | – | ,, ,, ,, ,, २ |
| [signature] | ५. श्री बाँठे कामी | – | ,, ,, ,, ,, ३ |
| [signature] | ६. श्री तिलक बहादुर बुढा | – | ,, ,, ,, ,, ४ |
| [signature] | ७. श्री तिलक बहादुर बम | – | ,, ,, ,, ,, ५ |
| [signature] | ८. श्री ज्ञान ऐडी | – | ,, ,, ,, ,, ६ |
| [signature] | ९. श्री कल बहादुर बम | – | ,, ,, ,, ,, ७ |
| [signature] | १० श्री गगन बहादुर बम | – | ,, ,, ,, ,, ८ |
| | ११ श्री मानसिंह बम | – | ,, ,, ,, ,, ९ |
| [signature] | १२ श्री मन्जन सार्की | – | कार्यपालिका सदस्य |
| [signature] | १३ श्री मागे कामी | – | ,, ,, |
| | १४ श्री इकाउरी कामी | – | ,, ,, |
| [signature] | १५ श्री कविता बम | – | ,, ,, |
| [signature] | १६ श्री समझना निं.के. | – | ,, ,, |
| [signature] | १७ श्री जमना कामी | – | ,, ,, |
| [signature] | १८ श्री गौरव नेपाल | – | सचिव |

## प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ आ० वं० २०८१।०८२ को नीती तथा कार्यक्रमको समिक्षा सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा आ०व० २०८१।०८२ को निती तथा कार्यक्रमको प्रगती समिक्षा गरीयो साथै सञ्चालन तथा कार्यान्वयनमा उपलब्धी भएका निती तथा कार्यक्रमलाई निरन्तरता दिने निर्णय सर्वसहमती द्वारा पारित गरीयो

प्रस्ताव नं. २ आ०व० २०८२/०८३ को निती तथा कार्यक्रम स्विकृती सम्बन्धमा।

निर्णय नं. २: माथी छलफल आ० व० २०८२/०८३ को नीति तथा कार्यक्रम गाउँ कार्यपालिकाको बैठक द्वारा सर्व सहमति ले संशोधन सहित स्विकृत गरिएको निर्णय पारित गरियो।

## अध्यक्ष श्री विष्णु बहादुर रोकायाले गाउँ सभाको

## १६ औं अधिवेशनमा गर्नु भएको सम्बोधन

पलाँता गाउँ पालिकाको नीति तथा कार्यक्रम

२०८२ असार ८ गते

“स्वच्छ, समृद्ध र सुसंस्कृत पलाँता”

विष्णु बहादुर रोकाया
अध्यक्ष

**<u>आदरणीय गाँउसभाका उपाध्यक्ष, सभाका सदस्य ज्यूहरु एवम जन समुदायहरु,</u>**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थानीय सरकार अन्तर्गत यस पलाँता गाउँपालिकाको अध्यक्षको हैसियतले यस सम्मानित गाउँसभामा सम्बोधनका साथै आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हामी हर्षित छौं ।

यस अवसरमा सर्वप्रथम राष्ट्रको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना एवम् मुलुकको सर्वाङ्गिण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न कालखण्डमा भएका क्रान्ति, संघर्ष, जनयुद्ध तथा जनआन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्नुको साथै सम्पुर्ण पलाँता गाउँबासीमा कृतज्ञता व्यक्त गर्दछु ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक रुपान्तरणका लागि सुशासन, विकास, सामाजिक न्याय सहितको **"स्वच्छ, समृद्ध र सुसँस्कृत पलाँता"** को आकांक्षा पुरा गर्न वर्तमान पलाँता सरकार प्रतिवद्ध रहेको छ ।

<u>गाउँसभा सदस्यहरु तथा आदरणीय जन समुदायहरु</u>

नेपालको वर्तमान संविधान जारी भए पछि मुलुकको शासकीय प्रणालीमा सुधार गर्दै संघीयताको कार्यान्यिन पछि नै यो स्थानीय सरकार स्थापना भएको छ । संविधानको अनूसुची ८ मा स्थानीय सरकारको एकल अधिकारको सूची समेत व्यवस्था गरिएको छ ।सो व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था गरी हाल कार्यान्यिनमा रहेको छ ।

स्थानीय सरकार एक सशक्त र स्वायत्त भए संगै स्थानीय आवश्यकता बमोजिम आर्थिक तथा सामाजिक क्रियाकलापहरु सञ्चालनको लागि आवश्यक योजना, नीति तथा कार्यक्रम र बजेटको तर्जुमा समेत स्वयं स्थानीय तहले नै निर्माण गरी प्राथमिकताका आधारमा योजना तथा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने अधिकार प्राप्त भएकोले यस पलाँता गाउँपालिकाले आगामी आ.व. २०८२/०८३ को लागि वार्षिक योजना सहितको नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

**यो नीति तथा कार्यक्रम तर्जुमा देहायको कानुनी प्रावधानको आधारमा गरिएको छ ।**

क) नेपालको संविधान



विष्णु बहादुर रोकाया

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग) दिगो विकास लक्ष्य

घ) नेपालको १६ औं आवधिक योजना

ङ) पलाँता गाउँपालिकाको आवधिक विकास योजना

च) पलाँता गाउँपालिकाको मध्यमकालिन खर्च संरचना

छ) नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट

ज) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

झ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

ञ) कर्णाली प्रदेश सरकारको आवधिक विकास योजना लगाएतका सम्बद्ध ऐन तथा कानूनहरु ।

**आदरणीय गाउँसभा सदस्यहरु तथा जन समुदायहरु**

**अब म आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विकासका लागि अवलम्बन गर्ने कृषि, पशु, रोजगारी, उद्यम विकास र पर्यटन तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

१) **"आर्थिक समृद्धिको पहिलो आधार कृषि"** भन्ने मुल नारा साथ कृषि उत्पादन, व्यवसायिकरण, विविधिकरण, आधुनिकरण, यान्त्रिकिकरण तथा बजारीकरणलाई विशेष जोड दिदै फलफूल खेती र पशुपालन को विकास गरी कृषि र पशु क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने निति अवलम्बन गरिनेछ ।

२) **"गरौं व्यावसायिक खेति आफ्नै पौरखले हुन्छ है उन्नती"** भन्ने जागरणका साथ पालिकाभित्र व्यावसायिक खेती गर्न प्रोत्सान गरिनेछ । व्यावसायिक खेती गर्ने कृषक तथा कृषक समुहलाई निश्चित मापदण्डको आधारमा उन्नत नश्लका बिउ, कृषि औजार, प्रविधि, बजारीकरणमा सहयोग र कृषि तथा पशु पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

३) पलाँता गाउँपालिकामा खाद्य सम्प्रभुताको सुनिश्चितता, शुन्य भोकमारी, कुपोषणको अन्त्य र सुरक्षित पौष्टिक खाद्यान्न उपलब्ध गराउने उद्देश्यका साथ खाद्य सुरक्षा, आयआर्जन, रोजगारी तथा गरीबी न्यूनिकरणका लागि साना सिंचाई कार्यक्रममा जोड दिई सिंचित क्षेत्रफल बढाई **"उत्पादन र बजारिकरण अभियान वर्ष"** को रुपमा सञ्चालन गरिनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

४) **"चिनौ आफ्नो माटो, बनाउँ आफ्नो गाउँ"** भन्ने मुल नाराका साथ खाद्य तथा नगदे बाली प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याउने व्यवस्था मिलाएको छु ।

५) किसानहरुको कृषि पेशा प्रति आकर्षण तथा क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरु संचालन गरिनेछ ।

६) मौरीपालनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

७) प्रमुख बाली, पशुपन्छी र मत्स्य लक्षित कार्यक्रम मार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ ।

८) कृषकहरुको मागका आधारमा बेमौसमी तरकारी खेती तथा व्यवसायिक खेती प्रणालीलाई अवलम्बन गर्दै लगिनेछ ।

९) निर्वामुखि कृषिलाई आधुनिक र व्यवसायिक बनाउँदै कृषि उपजमा पलौंतालाई आत्म निर्भर तुल्याउन तथा यान्त्रिकीकरण तथा विशिष्टिकरण गरिनेछ । कृषिमा युवा आकर्षित गर्न भूमि, कृषि सामाग्री, बीमा, खरिद सम्झौता र बजारको बलियो इकोसिस्टम कायम गरिनेछ ।

१०)खेती नगरी बाँझो जग्गा छोड्ने जग्गाधनीहरुको जग्गामा उत्पादन ह्रासकर लगाइनेछ । बाँझो जग्गामा छिमेकी वा भुमिहीन श्रमिकहरुले व्यावसायिक खेती गर्न चाहेमा सम्बन्धी वडाको समन्वयमा जग्गा धनीको समेत सहमति लिई खेती गर्ने व्यवस्था मिलाउन नीति लिइनेछ ।

११)कृषि तथा पशु प्रोफाइल तयार गरी कृषि तथा पशु बिकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१२)पशु पालन कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै घाँस उत्पादनका लागि प्रोत्सान गरिनेछ ।

१३)पशु आहारको व्यवस्थापन गर्न सामुदायिक वनमा घाँस विकास कार्यक्रम संचालन गरिनेछ ।

१४)**"पशु पालक किसानलाई समान, उत्पादनमा अनुदान"** को नीति लिई स्थानीय स्तरमा गाई तथा भैसी पालन व्यवसायको प्रवर्द्धन गर्न दुध उत्पादनमा अनुदान कार्यक्रमको तर्जुमा गरी लागु गरिनेछ ।

१५) गाउँपालिकामा स्थानीय कुखुरा पालन कार्यक्रम प्रवर्द्धन गरिनेछ ।

१६)स्वच्छ तथा स्वस्थकर पशुजन्य पदार्थमा जोड दिन पशुपंक्षिको गोठ, खोर सुधार गर्न जोड दिइनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

१७)रैथाने जातका बालीहरु संरक्षण तथा सम्बर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१८)विपद्‌बाट क्षति पुगेका कृषि व्यवसायलाई पुर्नस्थापना गर्न प्रभावित कृषक परिवारलाई राहत उपलब्ध गराइनेछ ।

१९)तरकारी, मसलाबाली, फलफूल, जडिबुटी, डालेघाँस एवम् पोसिला हिँउदे, बर्षे तथा बहुबर्षे घासका विउ एवम् विरुवाको मूल्यमा अनुदानको व्यवस्थापन गरि पकेट क्षेत्रका रुपमा स्थापना गर्दै एक वडा एक उत्पादन अवधारणा अगाडी बढाइनेछ ।साथै व्यवस्थित नर्सरी स्थापनाको कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

२०)एक घर एक उद्यमी नीति अवलम्बन गरी लघु उद्यम विकास मोडलमा नयाँ उद्यमी निर्माण गरिनेछ ।

२१)युवा उद्यमशिलता विकास कार्यक्रम मार्फत **"युवालाई विदेश होइन विजनेस"** भन्ने भावना विकासका लागि स्वरोजगार उन्मुख तुल्याउन युवाहरुलाई अभिप्रेरित गरी सामाजिक तथा उद्यमशिल क्षेत्र उत्कृष्ट कार्य गर्ने युवालाई गाउँपालिका युवा उद्यमी पुरस्कार प्रदान गरिनेछ ।

२२)कोशेली घर सञ्चालन गरी स्थानीय उत्पादनको बजारीकरणमा सहयोग गरिनेछ ।

२३)उद्यमीहरूलाई व्यवसाय विकासका लागि मेसिन, औजार उपकारणहरू प्रदान गर्नका लागि सहजिकरण गरिनेछ ।

२४)युवालाई उद्यमशीलता तर्फ आकर्षित गर्न तालिम, सिप, बीउपूँजी प्रदान गरी **सिप वर्ष** कार्यक्रम संचालन गरिनेछ ।

२५)पलाँताका उद्यमी, व्यवसायीहरुको निजी तथा साझेदारी फर्म दर्ता र नवीकरण शुल्कमा एकरुपता ल्याउन तत्काल कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।यस पालिकामा व्यवसाय गर्ने व्यवसायीहरुले व्यवसाय शुरु गरेको ३५ दिन भित्र पालिकामा सूचिकृत गर्ने व्यवसायीको दर्ता शूल्कमा १० प्रतिशत छुट प्रदान गरिनेछ।

२६)गाउँपालिका क्षेत्रभित्रका धार्मिक, सास्कृतिक, ऐतिहासिक तथा पुरातात्वतिक स्थलहरुको संरक्षण एवम् प्रवर्द्धन गर्दै आन्तरिक पर्यटनको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

२७)स्थानी समुदायहरुद्वारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य सामाग्रीको बजार व्यावस्थापको उचित प्रबन्ध मिलाईनेछ ।

२८)पर्यटन क्षेत्रको टेवाका लागि गाउँपालिकामा पर्यटकीय सम्भावनायुक्त क्षेत्रको पर्यटन पुर्वाधार विकास विस्तार र संरक्षणमा जोड दिइनेछ ।

विष्णु बहादुर रोकाया
अध्यक्ष

२९)ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संबर्धन र विकासका लागि स्थानीय जनसहभागितामा आधारित कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

३०)आन्तरिक रोजगारी सिर्जना गर्न राष्ट्रिय रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाउन गाउँपालिकाबाट पनि आवश्यक साझेदारी गरिने छ ।

३१)वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित तथा व्यवस्थित बनाँउन गाउँपालिकाले निति बनाउने छ ।

**आदरणीय गाउँसभा सदस्यहरु**

**अब म आगामी आर्थिक वर्ष २०८२/०८३ मा यस गाउँपालिकाको सामाजिक विकास अन्तर्गत स्वास्थ्य, खानेपानी तथा सरसफाई, शिक्षा, युवा तथा खेलकुद, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

३२)**"हाम्रो प्रतिबद्धता; स्वच्छ शुद्ध खानेपानीमा प्राथमिकता"** अभियान सहित सञ्चालित विभिन्न आयोजनालाई पूर्णता दिई खानेपानीको सहज आपुर्तिको व्यवस्था मिलाईनेछ ।

३३)खानेपानीमा कोलिफर्म लगायताका पानी शुद्धिकरण सम्बन्धी परिक्षणको व्यवस्था गरी नागरीकलाई शुद्ध पीउने पानीको शुद्धिकरणको व्यवस्था गरीनेछ ।

३४)भतेडा खानेपानी निर्माण र किच खिन सिचाई तथा खानेपानी आयोजनाको कार्यलाई अगाडी बढाइनेछ ।

३५)खानेपानी र सिंचाइसँग सम्बद्ध निकायहरुसँग समन्वय गरी दिगो मुहानको पहिचान गरी खानेपानी समस्या समाधान गर्ने नीतिलाई निरन्तरता दिइनेछ । सञ्चालनमा रहेको खानेपानीको आयोजनाहरुको आवश्यकता अनुसार ग्रामीण मर्मत सम्भार कार्यकर्ताद्वारा आवश्यक मर्मत सम्भार गरिनेछ । प्रत्येक खानेपानी आयोजना अन्तर्गतका उपभोक्ता समिति मार्फत खानेपानी मर्मत तथा सरसफाइ कोष स्थापना गराई सो कोषमा खानेपानीको महसुल संकलन गराई जम्मा गरिनेछ। खानेपानी आयोजनाको दिगो उपयोगको लागि प्रत्येक उपभोक्ताबाट असूल गर्ने गरी खानेपानी महसूल तोकिनेछ ।

३६)खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रमा उल्लेखनिय लक्ष्य हासिल गर्न बैदेशिक दातृ निकाय, संघसंस्था तथा परियोजनासँगको सहकार्य र साझेदारीलाई बढाउदै लगिनेछ । साथै सबैका लागि दीगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजनाको लागि सुस्वासँग साझेदारीलाई निरन्तरता दिईनेछ ।

विष्णु बहादुर रोकाया
अध्यक्ष

३७) गाउँपालिकाको प्रत्येक टोल, गाउँ तथा समाजमा सरसफाइको लागि उचित खानेपानी र शौचालयको व्यवस्था गरि **"सरसफाइ गरौं, स्वस्थ र निरोगी बनौं"** भन्ने नारालाई निरन्तरता दिइनेछ। सो को लागि गाउँपालिकाको खानेपानी तथा स्वच्छता योजनालाई कार्यान्वयन गरि पुर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिनेछ ।

३८) सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि एकिकृत विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम संचालन गरी **"गुणस्तरीय शिक्षाः हामी सबैको अपेक्षा"** भन्ने उक्तिलाई क्रमशः सार्थक तुल्याइनेछ ।

३९) सम्पुर्ण बालबालिकालाई विद्यालय ल्याऔं, टिकाऔं र सिकाऔं अभियान सञ्चालन गरिनेछ ।

४०) विद्यार्थीको प्रतिभा प्रष्फुटन गराउन पालिका स्तरिय विभिन्न किसिमका प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

४१) बालबालिकाहरुको गुणस्तरिय, प्रविधिमैत्री र पहुँच योग्य सिकाइको सुनिश्चितता गर्न सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक पुर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४२) गाउँपालिका भित्र संचालित आधारभूत र माध्यमिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुको विद्यालय नियमितताको लागि स्यानिटरी प्याडको प्रयोग र व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

४३) गाउँपालिका सरहद (क्षेत्र) भित्र रहेका विद्यालयहरु बीच शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तहगत रुपमा अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप संचालन तथा शैक्षिक प्रदर्शनी आयोजना गरिनेछ ।

४४) विषयगत शिक्षक व्यवस्था गरी गुणस्तरीय शिक्षाको प्रत्याभुती गर्न संचालित विद्यालय शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरता दिदै रिक्त शिक्षक पदमा शिक्षक पदपुर्ति गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

४५) सामुदायिक विद्यालयहरुको वृहत्तर विकासको साथै कार्यक्रम कार्यान्वयन र शिक्षण सिकाइमा सहयोग गर्न प्रभावकारी ढङ्गले अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

४६) विद्यार्थीको सिकाइमा सुधार गर्न **"विद्यार्थीसँग अविभावक-अविभावक सँग विद्यालय"** कार्यक्रम संचालन गरिनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

४७) सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सबै विद्यार्थीलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजा नेपाल सरकारबाट उपलब्ध हुने बजेटलाई गुणास्तरिय रुपमा कार्यान्वयन गर्न तथा यसलाई प्रवर्द्धन गर्न गाउँपालिकाद्वारा विशेष निगरानी गरिनेछ ।

४८)बालविकास सहजकर्तालाई तालिमको व्यवस्थापन गरिनेछ ।

४९)बिद्यालयमा बिद्यार्थी भर्ना दर अभिवृद्धि गर्न, बिद्यालय छोड्ने दर घटाउने उद्देश्य राखि बिद्यालय छात्रछात्रा भागेर घर जाने होइन घरबाट भागेर बिद्यालय जाने बानीको विकास गराउन बालविकास केन्द्रलाई नमुना बालविकास केन्द्रको रुपमा विकास गरिनेछ ।

५०)गाउँपालिका भित्रका असाहय टुहुरा बालबालिकाको लागि गास, बास र कपास सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।

५१)गाउँपालिकामा संचालित विद्यालयहरुमा बिद्यार्थिको सिर्जनशिलतालाई बढावा दिन भित्ते पत्रिका अनिवार्य गरिनेछ ।

५२)उच्च शिक्षा अध्ययन तथा दक्ष जनशक्ति उत्पादन गर्नका लागि छात्रवृत्ती व्यवस्थका लागि कार्यविधि बनाई लागु गरिनेछ ।

५३)खेलकुद विकासमा युवाहरुलाई अभिप्रेरित गरि बढी भन्दा बढी युवालाई सरिक गराउन सबै प्रकारका खेलहरुलाई प्रोत्साहित गरिनेछ ।यस गाउँपालिकाबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सहभागीता जनाई पदक प्रास गर्ने खेलाडीहरुलाई सम्मान तथा अभिलेखिकरणको व्यवस्था गरिनेछ ।

५४)खेलकुद विकास समितिको क्षमता अभिवृद्धि गरिनेछ साथै गाउँपालिका भित्र रहेका खेलकुद क्लबहरुको दर्ता प्रक्रियालाई निरन्तर दिई गाउँ खेलकुद विकास समिति मार्फत एकिकृत रुपमा खेलकुदका कार्यक्रम अगाडी बढाइनेछ ।

५५)राष्ट्रपति रनिङ्ग सिल्डको लागि प्रत्येक विद्यालयबाट उत्कृष्ट विद्यार्थीलाई छनोट गरि सम्बन्धित विद्यालयलाई जिम्मेवार बनाई प्रतियोगितामा सहभागी गराइनेछ ।

५६)हरेक सामुदायिक विद्यालयमा वार्षिक अविभावक भेला गरी आय-व्यय सर्वजनिक गर्ने तथा हरेक विद्यालयको उत्कृष्ट शिक्षक एवम् विद्यार्थीलाई प्रोत्सहन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।



विष्णु बहादुर रोकाया

५७)स्वास्थ्य सेवालाई सुलभ र पहुँच योग्य तुल्याउन पुर्वाधार विस्तारसँगै सेवा प्रदायक अस्पताल, चिकित्सक र स्वास्थ्य जनशक्ति र सेवाग्राही बीचको असन्तुलन हटाउने । स्वास्थ्य सम्बन्धी सबै सहायत र सहुलियतका कार्यक्रमलाई स्वास्थ्य बीमा सेवामा आबद्धन गरिनेछ ।

५८)**" घर घरमा स्वास्थ्य सेवा, पलाँता सरकारको टेवा"** नारा अनुरुप गाउँबासी जनताहरुलाई घरघरमा स्वास्थ्य सेवा दिने उद्देश्यले सञ्चालित **"जेष्ठ नागरीकसँग अध्यक्ष"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५९)बहुपक्षिय र बहुक्षेत्रीय समन्वय र सहकार्य मार्फत आत्महत्याको बढ्दो दरलाई नियन्त्रण गर्न मानसिक स्वास्थ्य प्रबर्द्धन, आत्महत्याको न्यूनिकरण भन्ने अभियान सञ्चालन गरिनेछ ।

६०)पलाँता गाउँपालिकाका स्वास्थ्य संस्थाहरु र बर्थिङ्ग सेन्टरबाट दक्ष प्रसुति कर्मिबाट सुरक्षित प्रसुति सेवा दिने कार्यलाई निरन्तरता दिइनेछ र सेवालाई थप प्रभाकारी बनाउदै आवश्यकता अनुरुप सेवा थप गर्ने र बर्थिङ्ग सेन्टरमा सुत्केरी हुन आउने आमाहरुका लागि Waiting Home संचालनका गर्न आवश्य बजेटको व्यवस्था मिलाइनेछ ।

६१)उपाध्यक्षसँग गर्भवती साक्षरता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६२)२४ घण्टा बर्थिङ्ग सेन्टरमा सेवा प्रवाह गर्ने सेवा प्रदायकलाई प्रोत्सानका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

६३)सबै वडाका स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदानका लागि आवश्यक न्युनतम सेवा मापदण्ड (MSS) अनुसार औषधी तथा उपकारणको व्यवस्था र स्वास्थ्यकर्मिहरुको क्षमता अभिवृद्धि गर्दै नागरिकको पहँचमा सहजता ल्याइनेछ ।

६४)महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर पहिचानका लागि निःशुल्क स्वास्थ्य शिविर (VIA Camp) संचालन गरिने छ ।

६५)**"खोज र खोप"** अभियान अनुरुप १५ महिनामुनिका सम्पुर्ण बालबालिकालाई लगाउनु पर्ने सम्पुर्ण खोप लगाई पूर्ण खोप पालिका घोषणा गरिनेछ ।

६६)गाउँपालिकामा रहेका ५ बर्ष मुनिका बालबालिका र गर्भवती तथा सुत्केरी आमाहरुको पोषण अवस्था सुधार गर्न पत्रु खाना को निरुत्सान गर्न र रैथान बालीको प्रयोगमा जोड दिने नीति लिइनेछ ।

९

विष्णु बहादुर रोकाया
अध्यक्ष

६७)क्षयरोगका बिरामी पहिचान गर्न वडास्तरमा शिविर संचालन गरी बिरामीलाई समयमै उपचारको दायरामा ल्याइनेछ ।

६८)मातृ तथा बाल स्वास्थ्य सेवा समन्वयका लागि मोबाइल स्वास्थ्य कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

६९)सामुदायिक महिला स्वास्थ्य स्वयं सेवीकाहरुको क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरी प्रोत्सान गरिनेछ ।

७०)पलाँता गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका प्राईभेट अस्पताल, पोलिक्लिनिक र औषधी पसलहरुलाई अनुगमन गरी सुचिकृत गर्न दर्ताको प्रकृयामा ल्याइनेछ ।

७१)मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ अनुसार तीन तीन महिनामा उपचार खर्च वापतको रकम उपलब्ध गराइनेछ ।

७२)पलाँता गाउँपालिका वडा नं २ मा संचालित स्वास्थ्य चौकी धौलागोहलाई ५ शैया अस्पतालमा स्तरउन्नत गरिनेछ ।

७३) लक्षित वर्गको आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण गर्न आय आर्जन, नेतृत्व विकासका र सशक्तिकरणका कार्यक्रम संञ्चालन गरिनेछ ।

७४) ज्येष्ठ नागरीक तथा विकलाङ्ग (अपाङ्ग) नागरिकहरुको सरल र सहज जीवन व्यतित गर्न आवश्यक विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

७५)ज्येष्ठ नागरिकसँगको ज्ञान, सिप र अनुभवलाई आत्मीकरण गर्न विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालनका साथै सम्मान कार्यक्रम गरिनेछ ।

७६)किशोरीहरुको सशक्तिकरण गरि **"बाल विवाह मुक्त गाउँ"** अभियान सञ्चालन गरिनेछ ।

७७) बहुविवाह, दाइजो प्रथा, जातिय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरिति, कुसंस्कार एवं परम्पराको अन्त्य गर्न संस्कृतिक सुधार कार्यक्रमलाई विद्यालय स्तरबाटै सुरुवात गरिनेछ ।

७८)**"महिला तथा बालबालिकासँग उपाध्यक्ष"** कार्यक्रम अन्तर्गत एकल तथा विपन्न महिलाहरुका लागि सिप मुलक तालिम, बिउ पुंजी प्रदान, प्रविधि हस्तान्तरण र बजारीकरण समेतमा सहयोग गर्ने आवश्यक बजेट व्यवस्था गरिनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

७९)महिला समुह बीच अन्तक्रिया गर्ने र महिलाहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्य गरिनेछ ।

८०)महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य गर्न तथा उनीहरुको श्रमको मौद्रिक मुल्यमा मुल्याङ्कन गर्न जनचेतना अभिवृद्धि गर्दै आवश्यक संरचनागत व्यवस्था गरिनेछ ।

८१)**"हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति"** अनुरुप लैङ्गिक हिंसा व्यवस्थापन गर्न प्रत्येक वडामा एक मनोसामाजिक विमर्शकर्ता रहने व्यवस्था मिलाइनेछ । लैङ्गिक हिंसाका घटनालाई तत्काल सम्बोधन गर्ने गरी नियमित सुनुवाई प्रक्रियालाई व्यवस्थित गर्दै लगिनेछ ।

८२)बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीति लिई बाल मैत्री शासन पद्धति आगामी आर्थिक वर्षमा **" बालमैत्री अभियान"** सञ्चालन गरिनेछ ।

८३)**"बालबालिका भोलिका कर्णधार मात्र नभएर आजका सझेदारी हुन"** भन्ने निति अवलम्वन गरिनेछ ।

८४)संघिय र प्रादेशिक मापदण्ड अनुरुप सामाजिक सुरक्षा भत्ता तथा स्वास्थ्य बिमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यहरु**

**अब म आर्थिक वर्ष २०८२/०८३ मा यस गाउँपालिकाको वन तथा वातावरण संरक्षण र विपद व्यवस्थापन तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

८५)पलाँता गाउँपालिकाको कार्यालय अन्तर्गत वन तथा वातावरण शाखाको कार्यलाई नियमित गर्न कर्मचारी तोकि शाखा संचालन गरिनेछ ।

८६)स्वच्छ, हराभरा र प्रदुषण मुक्त गाउँपालिका स्थापित गर्न अध्ययन संचालन गरी जैविक विविधता तथा जलवायु परिवर्तन अनुकुलनमा गाउँपालिका, निजि क्षेत्र, सहकारी तथा सामुदायिक र गैर सरकारी क्षेत्र बीच सहकार्य गरिनेछ ।

८७)गाउँपालिका क्षेत्र भित्रका प्रकृतिक सम्पदाको दीगो उपयोग र संरक्षणको नीति अवलम्बन गरिनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

८८)पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरुमा भुक्षय एवं पहिरो नियन्त्रणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८९)जोखिम बहन गर्नका लागि पलाँता गाउँपालिकामा रहेका सम्पूर्ण घरहरुको निर्जीवन बिमा गर्ने नीति अवलम्बन गरि लागु गरिनेछ ।

९०)जोखिम तथा विपत व्यवस्थापनका लागि गाउँपालिका तथा वडा स्तरमा गठित विपत व्यवस्थापन समितिहरुलाई स्रोत साधनयुक्त बनाई क्षमता अभिवृद्धि गरिनेछ । प्रत्येक वडामा विपद् प्रतिकार्य स्वयंसेवक समिति गठन गरिनेछ ।

९१)गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदाको दीगो उपयोग र संरक्षण नीति अवलम्वन गरिनेछ ।वन क्षेत्र, सार्वजनिक स्थल, सडक किनारा लगायतका क्षेत्रमा वृक्षारोपण गर्ने कार्यलाई प्रमुख नीतिको रुपमा लिइनेछ ।

९२)सामुदायिक वन व्यवस्थापनलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ । सामुदायिक वनबाट संकलन हुने आयलाई करको दायरामा ल्याइनेछ र वन पालेको व्यवस्था गरी सम्बन्धित सामुदायिक बनको कोषबाट नै आवश्यक सेवा सुविधाको व्यवस्था गराइनेछ।

९३)जलवायु परिवर्तनको बढी जोखिममा रहेका समुदायहरुलाई अनुकूलन तथा जोखिम न्युनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यहरु**

**अब म आर्थिक वर्ष २०८२-८३ मा यस गाउँपालिकाको पूर्वाधार विकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

९४) **"अध्यक्ष गौरवको आयोजना कार्यक्रम"** संचालन गरी पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ ।

९५)शहिद सम्बन्धि गेट, स्मारक, भवन, पार्क निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

९६) शिक्षा, स्वास्थ्य, खानेपानी, बाटोघाटो, पोखरी, सिंचाई, चौतारो, पाटीपौवा, सरसफाइ र सार्वजनिक निर्माणको क्षेत्रमा सामाजिक सदभाव र एकताको लागि महिनाको एकदिन श्रमदान अनिवार्य गर्न गराउन कर्मचारी, शिक्षक र जनप्रतिनिधि मिली महिनाको पहिलो शुक्रबार अनिवार्य श्रमदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

९७)आफ्नो भवन नभएका वडाका कार्यालय भवन निर्माणका लागि स्थानिय, प्रदेश र संघीय सरकारमा आवश्यक पहल गरिनेछ ।

९८)आगामी आर्थिक बर्ष भित्रमा गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानी पाइप लाइन, सडक बत्ति, टेलिफोन, इन्टरनेट लगायतका सबै भौतिक पूर्वाधारलाई व्यवस्थित गरी **"एक वडा एक सडक"** कार्यक्रम निरन्तर रुपमा अगाडी बढाइनेछ ।

९९) गाउँपालिकाको लाईफ लाइनको रुपमा रहेको बेल्केढुङ्गा- पुलाहाँ- राडुनेटा- छलाहाँ- उखाडी- जाँफे हुँदै ओदी जुम्ला जोड्ने सडकलाई स्तरोन्नति गर्न संघीय सरकार र प्रदेश सरकारसँग क्रमागत योजनामा आवश्यक समन्वय र पहल गरिनेछ ।

१००) जाँफे- गोठालिचौर- तुसारे- फागोटी- जाज्ज- बेल्केढुङ्गा सडक खण्डको ट्र्याक खोल्न र क्रमागत योजनाको लागि विशेष महत्वका साथ पहल गरिनेछ ।

१०१) धुरा, दुदान्ना, कुलामुल हुदै भालुका जेवाला देखि गडखर्कसम्म सडक निर्माण कार्य अगाडि बढाईनेछ । खिन, पोरिवन हुदै औलाखोला सडक निर्माण कार्यलाई पनि अगाडि बढाईनेछ ।

१०२) वेल्केढुङा खिर्पी, बेर्सनकोट, नाईबाडा, माछा, पातिहाल्ना सडक निर्माण पलाँता ८ कालिकोट निर्माण गरिनेछ। कयारदेव, तल्सेरी, भतेडा रारा सडक निर्माण कार्यलाई निरन्तरता दिईनेछ। दैनिकर, गडवाली, चंखेलि, पारौटि सडक निर्माण कार्य अगाडि बढाईनेछ।

१०३) जाज्ज, रानिविसौना झोलुङ्गे पुल निर्माणस्थल सम्मको लागि जाज्ज खौला देखि जाज्ज धनसेरी सम्म सडक निर्माण गरिनेछ।

१०४) सडकको चौडाई, घुम्तीको दुरी, सडकको ग्रेड व्यवस्थापनका लागि इञ्जिनियरिङ्ग मापदण्ड अनुसार कार्यान्वयनको व्यवस्था मिलाईनेछ । सडकको दायाँबायाँ वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०५) उपभोक्ता समितिको कार्यलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन उपभोक्ता समितिलाई अभिमुखिकरण कार्यक्रम तथा उचित तालिमको व्यवस्था गरिनेछ ।स्थानीय उपभोक्ता समिति गठन, सञ्चालन र व्यवस्थापन सम्बन्धी आवश्यक कानून तथा कार्यविधि अनुसार कार्यान्वयन गरिनेछ।

१०६) प्राविधिक कर्मचारीको सीप विकासका लागि सडक, भवन, खानेपानी डिजाइन तथा सार्वजनिक खरिद ऐन सम्बन्धी तालिमको आवश्यकता महसुस गरी तालिम दिने व्यवस्था मिलाइनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

१०७) **"सिचाईमा लगानीः खेतबारीमा पानी"** अभियान अन्तर्गत पालिका क्षेत्रभित्र संचालित सिंचाई प्रणालीहरुको मर्मत, सुधार तथा सबलीकारण गरिनेछ। सिंचाई सुविधा नपुगेका क्षेत्रमा नहर कुलोको व्यवस्था गर्न पहल गरिनेछ ।

१०८) यस गाउँ पालिकामा रहेका साना तथा मझौला लघु जलविद्युतलाई आवश्यकता र दीर्घकालिन हुने अवस्थाको पहिचान गरि मर्मत गरेर सवै वडामा लाईन बिस्तार र विद्युतिकरण गर्ने निति लिइनेछ।साथै विद्युत प्रयोग गरे वापत समुदायबाट महसुल संकलन गरी कार्यरत अपरेटरहरुको सेवा सुविधा सोही रकमबाट उपलब्ध गराइनेछ ।

**आदरणीय गाउँसभा सदस्यहरु**

**अब म आर्थिक वर्ष २०८२/०८३ मा यस गाउँपालिकाको सुशासन तथा संस्थागत सुधार तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

१०९) दिगो विकास लक्ष (SDG) प्राप्तिका लागि सुचकगत क्रियाकलाप सञ्चालनमा जोड दिइनेछ ।

११०) भ्रष्टाचार जन्य क्रियाकलापलाई नियन्त्रण गर्न शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

१११) **"सेवा प्रवाहमा एक पाइला सरौं, विनम्रता र तत्परता सहित सेवा गरौं"** भन्ने नाराका साथ सेवाग्राही मैत्री सेवा प्रवाहको व्यवस्था मिलाईनेछ । यसका लागि कर्मचारीहरुको पेशगत क्षमता तथा व्यावसायिक नैतिकता अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

११२) विकास निर्माण तथा सेवा प्रवाहमा सार्वजनिक जफावदेहिता कायम गरिनेछ । पालिकाबाट गरिने विकास निर्माण र सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण र तेस्रो पक्ष मुल्याङ्कन जस्ता सार्वजनिक जवाफदेहिताका औजारहरुको अवलम्बन गरिनेछ ।

११३) पालिका क्षेत्रभित्र योजना तथा कार्यक्रम र सेवा प्रवाहको सुचकहरु तयार गरी अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई प्रभाकारी बनाईनेछ । आधुनिक सूचना प्रविधिको माध्यमबाट गुनासो सम्बोधन गर्ने व्यवस्था गरिनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

११४)  **"मेरो कार्यालय, मेरो जिम्मेवारी"** अभियान संचालन गरी कार्यालय परिसर र कार्यकक्षको सरसफाई, असल सिकाई आदान प्रदान मार्फत समृद्ध पलाँता गाउँपालिकाको सपना साकार बनाउन कर्मचारीहरुको पेशगत सर्मपण, अन्बेषण र महत्वपूर्ण योगदान हुने लगायतका कार्यक्रम संचालन गरिनेछ ।

११५)  **"कर डर होइन, पालिका विकासको भर हो"** भन्ने तथ्यलाई आत्मसाथ गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापलाई राजश्व प्रशासनको दायरामा ल्याइनेछ ।पालिकाको आन्तरिक स्रोतको दिगो व्यवस्थापन गर्दै स्रोत परिचालन गर्न आवधिक स्रोत परिचालन रणनैतिक योजना स्वीकृत गरी लागु गरिनेछ ।

११६)  यस पालिकामा सञ्चालन हुने योजनाहरुको कार्यान्वयनको लागि विद्युतीय बोलपत्रको माध्यमबाट बोलपत्र आह्वान गरी काम गर्ने गराउने नीति अवलम्बन गरिनेछ। ५ लाख भन्दा बढीको खरिद तथा निर्माण सम्बन्धी कार्य गर्दा बोलपत्र विधिमार्फत गर्ने नीति अनिवार्य अवलम्बन गरिनेछ।साथै पालिकाले आवश्यकताको आधारमा उपभोक्ता समिति मार्फत निर्माण सम्बन्धी योजनाहरु पनि कार्यान्वयन गरिनेछ।

११७)  आर्थिक अनुशासन, शुन्य बेरुजु नीति लिईनेछ । लेखा समितिलाई क्रियाशिल बनाई कार्य योजना सहित साल बसाली रुपमा रहदै आएको पुरानो पेश्की, बेरुजु फर्छ्यौटलाई प्रभावकारी बनाइनेछ ।गाउँपालिकाबाट खर्च व्यवस्थापन गर्दा आर्थिक वर्ष समाप्त हुँदा शुन्य पेश्की शुन्य बेरुजुको सिद्धान्तलाई व्यवहारमा लागु गर्ने नीति लिइनेछ ।

११८)  कर, शुल्क संकलन कार्यलाई प्रभावकारी बनाउन दक्ष जनशक्तिको परिचालन गर्नुका साथै कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विशेष ध्यान दिइनेछ ।

११९)  करार कर्मचारीको संख्यामा कटौति गर्दै लगिनेछ। आवश्यकता र औचित्यता पुष्टि भएमा मात्र करार तथा स्थायी कर्मचारीको विदा स्वीकृत गरिनेछ। विदा अधिकार होइन सहुलियत मात्र हो भन्ने अवधारणालाई कार्यान्वयन गरी स्वीकृती विना कुनै कर्मचारी एक हप्ता भन्दा बढी विदामा बसे करार कर्मचारीको करार सम्झौता बमोजिम र स्थायी कर्मचारीको प्रचलित कानून बमोजिम तलब कट्टा गरिनेछ।

१२०)  गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई संचय कोष कट्टि गरी सामाजिक सुरक्षाको दायरामा ल्याउने नीति अपनाइनेछ । करार कर्मचारीको

व्याबसायिक आचरणलाई प्रवर्द्धन गर्न यस पालिकाको क्षमताको आधारमा पोशाक भत्ताको व्यवस्था गरिनेछ।

१२१) कार्यसम्पादन मूल्यांकनलाई वास्तविक र वस्तुनिष्ठ बनाई कार्यसम्पादनमा आधारित मूल्यांकन गरी उत्कृष्ट कर्मचारीको पहिचान गरिनेछ। निजामती दिवसको अवसरमा उत्कृष्ट कर्मचारीलाई प्रमाणपत्र सहित सम्मान गरिनेछ।

१२२) गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहीहरुलाई सहज रुपमा सेवा लिनका लागि कार्यालयमा सहायता कक्षको स्थापना गरीनेछ ।

१२३) गाउँबासीहरुको राय सुझाव संकलन, गुनासो व्यवस्थापन र जबाफदेहिता बहन गर्नका लागि गाउँपालिकासँग गाउँबासीको सोझो सम्पर्कको लागि हरेक वडामा र गाउँ कार्यपालिकामा गुनासो पेटिकाको व्यवस्थालाई निरन्तर्ता दिइनेछ। जनताको गुनासो व्यस्थापनका लागि कार्यपालिकामा गाउँपालिका अध्यक्षको संयोजकत्वमा र वडा कार्यालयमा वडा अध्यक्षको संयोजकत्वमा गुनासो व्यवस्थापन समिति गठन गरी गुनासोको सुनुवाई गरिनेछ ।

१२४) न्यायीक समितिलाई अझ थप जवाफदेही तथा सुदृढ बनाउन गाउँपालिका स्तरिय मेलमिलाप समिति गठन गरिनेछ ।

१२५) न्यायिक समितिलाई व्यवस्थित तथा भरपर्दो बनाउन इजलासको व्यवस्था गर्न यसै बर्ष भित्र पहल गरिनेछ ।

१२६) न्यायिक समितिका उजुरी, मेलमिलाप, न्यायिक छलफल, मेलमिलाप केन्द्र व्यवस्थापन, उजूरि फछ्यौंट, मिसल संरक्षण लगायतका क्रियाकलापलाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ ।सबै मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्दि गर्न अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।

१२७) नीति तथा कार्यक्रमको प्रभावकारि कार्यान्वयन र निरन्तर अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नको लागि छुट्टाछुटै समिति गठन गरी मासिक समिक्षा गरिनेछ ।

१२८) योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई लागु गरिनेछ ।

१२९) गाउँपालिकामा संचालनमा रहेको टोल फ्री नम्बरबाट जनगुनासो व्यवस्थापन गर्ने प्रणालीको विकास गरिनेछ ।गाउँवासिका जनगुनासो सुन्न **"हेलो पलाँता कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

१३०) यस पालिकाबाट प्रवाह हुने सेवाको सूचना तथा तथ्यंकको व्यवस्थापनलाई व्यवस्थित र आधुनिक बनाइनेछ । पालिकाको रेकर्ड प्रणाली र फाइलिङ्ग प्रणालीलाई



विष्णु बहादुर रोकाया
अध्यक्ष

प्रभावकारी बनाई व्यवस्थित तथा आवश्यक परेको बेला खोज्दा तुरुन्तै खोजेको सूचना प्राप्त गर्न सक्ने खालको बनाइनेछ। कम्प्युटर विधिबाट सूचना तथा तथ्यांकको संरक्षण सुनिश्चत गरिनेछ। दैनिक प्रशासनलाई अनुमानयोग्य, पहुँचयोग्य, पारदर्शी तथा जनकेन्द्रित बनाई सुशासन कायम गरिनेछ।

१३१) यस पलाँता गाउँपालिकाको सूचना प्रविधिको विकास गरी नागरिकको सूचना प्राप्त गर्ने हकलाई सुनिश्चित गर्नको लागि पालिकामा एफ. एम. रेडियो सञ्चालन र स्थानीय पत्रपत्रिकाको लागि मिडिया सेन्टर सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई इजाजत प्रदान गरिनेछ। पालिकाले गरेका विकास निर्माण, सेवा प्रवाहको बारेमा सूचना प्रवाह गर्न **रेडियो पलाँता** स्थापना गर्ने कार्य अगाडी बढाईनेछ।

अन्त्यमा,

नीति तथा कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयन पालिकाको एकल प्रयासबाट मात्र सम्भव छैन ।यसका लागि सबै राजनीतिक दल, सामुदायिक, नीजि तथा गैरसरकारी संघ संस्था, नागरिक समाज, सहकारी तथा वित्तिय क्षेत्र, युवा क्लब, आमा समुह लगायत समग्र गाउँबासीहरुको निरन्तर सहयोग, समर्थन र सुझावको आवश्यक पर्दछ । यसले गर्दा नीति तथा कार्यक्रमले तय गरेको **"स्वच्छ, समृद्द र सु-सँस्कृत पलाँता"** को सपना सार्थक हुने देखिन्छ ।यस नीति तथा कार्यक्रम मार्फत पलाँता गाउँबासीको आशा र आवश्यकता परिपूर्ति गर्न पलाँता सरकार अहोरात्र लागि पर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।यो नीति तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक राय, सुझाव एवम् सल्लाह तथा परामर्श प्रदान गर्नुहुने उपाध्यक्ष ज्यू, गाउँ सभाका सदस्यहरु, कार्यपालिकाका सदस्यहरु। सबै राजनीतिक दलका नेतागण, सन्चारकर्मी, आम नागरिक र सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै यस नीति तथा कार्यक्रम तय गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने पलाँता गाँउ पालिकाका नि. प्रमुख प्रशासकिय अधिकृत ज्यू, स्वास्थ्य शाखा प्रमुख ज्यू, गाउँ सभा अन्तर्गतका विषयगत समिति, गाउँकार्यपालिका कार्यालयको शाखा प्रमुखहरु लगायत सबै सम्बद्ध पक्षहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

**धन्यवाद् ।**



विष्णु बहादुर रोकाया
अध्यक्ष

आज मिति २०८१ साल असार महिनाको ८ गतेका दिन यस पत्यांता गाउँपालिकाको गाउँसभाको १६ औं अधिवेशनको पहिलो बैठक को उद्घाटन सत्रका अध्यक्ष श्री बिष्णु बहादुर शेकायाको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमका सभा का सदस्य ज्यूहरुको उपस्थितीमा देहायका प्रस्तावहरु माथी छलफल गरी निर्णय गरियो।

तपसिल:-

| | | |
|---|---|---|
| १. श्री बिष्णु बहादुर शेकाया | - | गाउँसभा अध्यक्ष |
| २. श्री अन्नपुरा (हमाल) जैसी | - | " " उपाध्यक्ष |
| ३. श्री मनरुप न्यौपाने | - | वडा नं. १ वडा अध्यक्ष |
| ४. श्री भिम प्रसाद न्यौपाने | - | " २ " " |
| ५. श्री बाँचे कामी | - | " ३ " " |
| ६. श्री तिलक बहादुर बुढा | - | " ४ " " |
| ७. श्री तिलक बहादुर बम | - | " ५ " " |
| ८. श्री भान रैडी | - | " ६ " " |
| ९. श्री कल बहादुर बम | - | " ७ " " |
| १०. श्री गगन बहादुर बम | - | " ८ " " |
| ११. श्री मानसिंह बम | - | " ९ " " |
| १२. श्री मनजन सार्की | - | कार्यपालिका सदस्य |
| १३. श्री मागे कामी | - | " " |
| १४. श्री झाउरी कामी | - | " " |
| १५. श्री कविता बम | | " " |
| १६. श्री समझना वि.क. | - | " " |
| १७. श्री जमना कामी | - | " " |
| १८. श्री आरती भण्डारी | - | गाउँसभा सदस्य वडा नं. १ |
| १९. श्री देउकला सार्की | - | " " " " १ |
| २०. श्री जौहाने कार्की | - | " " " " १ |
| २१. श्री दर्शना प्याकुरेल | - | " " " " २ |
| २२. श्री आइते सार्की | - | " " " " २ |
| २३. श्री बिष्णु लाल प्याकुरेल | | " " " " २ |
| २४. श्री दर्शना शेकाया | | " " " " ३ |

२५. श्री नैनानन्द न्यौपाने - गाउँ सभा सदस्य वडा नं. २

२६. श्री देउ बुढा - " " " " २

२७. श्री तेजना अधिकारी - " " " " ४

२८. श्री देपु विरालु - " " " " ४

२९. श्री नरजन महतारा - " " " " ४

३०. श्री हस्त बुढा - " " " " ४

३१. श्री सुरेश शाही - " " " " ५

३२. श्री बाज बहादुर बम - " " " " ५

३३. श्री रुपकेशा बुढा - " " " " ६

३४. श्री जडैनी कामी - " " " " ६

३५. श्री केव बुढा - " " " " ६

३६. श्री सर्प थामी - " " " " ६

३७. श्री देवी बम - " " " " ७

३८. श्री नन्द बहादुर विष्ट - " " " " ७

३९. श्री टेक बहादुर बम - " " " " ७

४०. श्री समझना बम - " " " " ८

४१. श्री आरती सर्की - " " " " ८

४२. श्री सर्जन बम - " " " " ८

४३. श्री गणेश बहादुर बम - " " " " ८

४४. श्री चाँदनी शाही (बम) - " " " " ९

४५. श्री रांका नेपाली - " " " " ९

४६. श्री रम्बर बम - " " " " ९

४७. श्री राज बहादुर बम - " " " " ९

४८. श्री गौरव नेपाल - नि. प्रमुख प्रशासकिय अधिकृत

आमन्त्रित - उपस्थित

४९. श्री हिमाल रोक्याल - स्वास्थ्य शाखा अ. स्वा. नि.

५०. श्री धन प्रसाद न्यौपाने - " " प्रमुख

५१. श्री केवल नाथ योगी - प्रहरी हवलदार

५२. श्री विकास महतारा - I.T. सुचना अधिकृत

५३. श्री बालभक्ति न्यौपाने - वडा सचिव वडा नं. १

५४. श्री दिपेन्द्र बहादुर हमाल - फिल्ड सहायक

५४. श्री दिवाकर पन्त - वरिष्ठ लेखा अधिकृत
५५. श्री गोपाल बोहरा - वरिष्ठ लेखा प्रमुख
५६. श्री चिउराम बम - लेखा सहायक

गाउँ सभाको १६ औं अधिवेशन मा उपस्थित तपसिल आमन्त्रितहरुको विवरण

१. श्री सुर्विम थामी
२. श्री सँक रोकाया
३. श्री इश्वर थापा
४. श्री रेशम रोकाया
५. श्री महेन्द्र बहादुर बढे
६. श्री कुम्भ रोकाया
७. श्री विष्णु प्रसाद जोशी
८. श्री D. डी. राम बहादुर साउद डे.प्र.अ. बिपुं
९. श्री जंग बहादुर भण्डारी
१०. श्री कर्ण सार्की
११ उपेन्द्र बम
१२ जगेडा बम
१३ ईश्वर बो. हमाल
१४ ज्ञान ब. बुढा
१५ छनजत रोकाया
१६ डाइला रोकाया
१७ पूरी विश्वकर्मा
१८ पबित्रा बम
१९ टिका घिमिरे
२० सरिता शाही
२१. दिवाकर पन्त
२२ अस्मिता बम (साइनो)
२३. परिमल वि.क.
24 महेन्द्र तामाङ
२५ राज बहादुर बम
२६. विरेन्द्र के.सी.
२७ मान बहादुर डुम्मा
२८ अल महतारा
२९ दिपेन्द्र बम
३० अम्बिका ढ्यौपाने
३१. विरुण बहादुर बम

३२. भिम बहादुर बम (विरेन्द्र)
३३. डम्मर शाही पत्रका
३४ सुमित्रा रोकाया
३५. जर्तेल धामी अ.स.ई.
३६ जगत धामी
(३७) जिवन धामी
३८ सर्पदोषमा।

निर्णय नं. १

पनौती गाउँपालिकाको गाउँ सभाको १६औं अधिवेशन संञ्चालन गरी नीति तथा कार्यक्रम आ.व. २०८२।०८३ का लागी सभा द्वारा सर्वसहमत स्विकृत गरियो।

आज मिति २०८२ साल असार ०१ गतेका दिन पलाँता गाउँपालिका अध्यक्ष श्री विष्णु बहादुर रोकाया ज्यू को अध्यक्षतामा कार्यपालिका बैठक बसी देहायबमोजिमका निर्णय गरियो।

उपस्थिती

१. श्री विष्णु बहादुर रोकाया - गा.पा. अध्यक्ष
२. श्री अन्नपूर्ना जैसी - " " उपाध्यक्ष
३. श्री मनरुप न्यौपाने - वडा नं.१ वडा अध्यक्ष
४. श्री भिम प्रसाद न्यौपाने - " " २ " "
५. श्री बाँचे कामी - " ३ " "
६. श्री तिलक बहादुर बुढा - " ४ " "
७. श्री तिलक बहादुर बम - " ५ " "
८. श्री मान रोकाया - " ६ " "
९. श्री कल बहादुर बम - " ७ " "
१०. श्री गगन बहादुर बम - " ८ " "
११. श्री मानसिंह बम - " ९ " "
१२. श्री मार्गे कामी - कार्यपालिका सदस्य
१३. श्री गन्जन सार्की - " "
१४. श्री झाउरी कामी - " "
१५. श्री सम्झना वि.क. - " "
१६. श्री भमता कामी - " "
१७. श्री कविता बम - " "
१८. श्री गौरव नेपाल - नि. प्रमुख प्रशासकिय अधिकृत

आमन्त्रित

१९. श्री बालकृष्ण न्यौपाने - वडा नं.१ वडा सचिव
२०. श्री विकास महतारा - सु. प्र. अधिकृत

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं.१, आ०व० २०८२/०८३ को बजेट तथा कार्यक्रम स्विकृत सम्बन्धमा।

प्रस्ताव नं.२ KOICA छात्रवृत्तिमा मनोनयन सम्बन्धमा।

प्रस्ताव नं.३ विविध सम्बन्धमा।

निर्णय नं.१ प्रस्ताव नं.१ माथी छलफल गर्दा आ०व० २०८२/०८

को बजेट तथा कार्यक्रम सर्वसहमत द्वारा पारित गर्ने निर्णय गरियो । साथै स्विकृत बजेट यस गाउँपालिकाको गाउँसभा १८ औं अधिवेशनको दोस्रो बैठकबाट प्रस्तुत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं २ माथी छलफल गर्दा Koicaर छात्रवृत्तिमा Master in health and financing capacity building अध्ययनका लागी यस गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवा हे. ई. जनस्वास्थ्य निरिक्षक अधिकृत छैटौं तहमा कार्यरत विनोद कुमार न्यौपाने २२४३२७६८ को विषय अध्ययन गर्न इच्छुक भएकाले यस गाउँपालिका बाट हाल सम्म कुनै पनी कर्मचारी शैक्षिक अध्ययनमा नगएको हुदा निज कर्मचारी लाई मनोनयनको लागी निर्णय सर्वसहमत पारित गरियो

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथी छलफल गर्दा देहायबमोजिमका निर्णय सर्वसहमत द्वारा पारित गरियो ।

(क) आ० व० २०७८/०७९ मा सिलाई कटाई तालिम तथा मेसिन वितरण भुक्तानीका लागी आवश्यक पर्ने कागजात उपलब्ध भएको स्वरुपमा सिलाई कटाई लघु उद्यमी उपभोक्ता समिती लाई भुक्तानी दिने ~~निर्णय~~

आज मिति २०८१।०३।०८ गतेका दिन यस पत्नीता गा०पा० अध्यक्ष श्री विष्णु बहादुर रोकाया ज्यू को सभाध्यक्षतामा बैठक पत्नीता गाउँपालिका गाउँसभाको १६ औं अधिवेशनको चौथो बैठक अथवा बजेट प्रस्तुत बैठक बसी देहाय बमोजिमका प्रस्तावहरूमाथी छलफल गरी निर्णय गरियो।

तपसिल :

१. श्री विष्णु बहादुर रोकाया - गा०पा० अध्यक्ष/सभाध्यक्ष
२. श्री अन्नपूर्णा जैसी - गा०पा० उपाध्यक्ष
३. श्री मनरुप न्यौपाने - वडा नं. १ वडा अध्यक्ष
४. श्री भिम प्रसाद न्यौपाने - वडा नं. २ वडा अध्यक्ष
५. श्री बाँठे कामी - वडा नं. ३ वडा अध्यक्ष
६. श्री तिलक बहादुर बुढा - वडा नं. ४ वडा अध्यक्ष
७. श्री तिलक बहादुर बम - वडा नं. ५ वडा अध्यक्ष
८. श्री शाल रोडी - वडा नं. ६ वडा अध्यक्ष
९. श्री कल बहादुर बम - वडा नं. ७ वडा अध्यक्ष
१०. श्री गगन बहादुर बम - वडा नं. ८ वडा अध्यक्ष
११. श्री मानसिंह बम - वडा नं. ९ वडा अध्यक्ष
१२. श्री गनगन सार्की - कार्यपालिका सदस्य वडा नं. १
१३. श्री मार्गे कामी - " " वडा ४
१४. श्री झाउरी कामी - " " " ३
१५. श्री कविता बम - " " " ५
१६. श्री सम्झना वि.क. - " " " ५
१७. श्री जमुना कामी - " " " ७
१८. श्री आइती भण्डारी - गाउँसभा सदस्य वडा नं. १
१९. श्री देउकला सार्की - " " "
२०. श्री औंधने कार्की - " " "
२१. श्री दर्शना प्याकुरेल - " " २
२२. श्री आइते सार्की - " " २
२३. श्री विष्णुलाल प्याकुरेल - " " "
२४. श्री दर्शना रोकाया - " " ३

| | | | | |
|---|---|---|---|---|
| तेकेन | २५. श्री | नैनानन्द न्यौपाने | - गाउँसभा सदस्य | वडा नं २ |
| हेउ | २६. श्री | हेउ बुढा | - " " | " |
| तेजना | २७ श्री | तेजना अधिकारी | - " " | ४ |
| [illegible] | २८ श्री | हैपु बिराल्नु | - " " | ४ |
| [illegible] | २९ श्री | नरमन गहतारा | - " " | ४ |
| [illegible] | ३० श्री | हस्त बुढा | - " " | ४ |
| | ३१ श्री | सुरेश शाही | - " " | ५ |
| | ३२ श्री | बाज बहादुर बुढा | - " " | ५ |
| [illegible] | ३३ श्री | रुपकेशा बुढा | - " " | ६ |
| [illegible] | ३४ श्री | सर्प दामी | - " " | ६ |
| [illegible] | ३५ श्री | देवी बम | - " " | ७ |
| [illegible] | ३६ श्री | नन्द बहादुर विष्ट | - " " | ७ |
| टेक | ३७ श्री | टेक बहादुर बम | - " " | ७ |
| सम्झना | ३८ श्री | सम्झना बम | - " " | ८ |
| आईती | ३९ श्री | आइती सर्केनी | - " " | ८ |
| | ४० श्री | सर्जन बम | - " " | ८ |
| | ४१ श्री | गणेश बहादुर बम | - " " | ८ |
| | ४२ श्री | धौंकली शाही (बम) | - " " | ९ |
| | ४३ श्री | टीका नेपाली | - " " | ९ |
| | ४४ श्री | टम्मर बम | - " " | ९ |
| | ४५ श्री | राजबहादुर बम | - " " | ९ |
| [illegible] | ४६ श्री | भडेनी कामी | - " " | ६ |
| गौरव | ४७ श्री | गौरव नेपाल | - | |

गाउँसभाको १८औं अधिवेशनको दोस्रो बैठकमा उपस्थित तपशिल आमन्त्रितहरुको विवरण ।

१) दिवकर पन्त
२) विकास महतारा
३) रमेश बस्नेत
४) पूर्ण बहादुर राणा
५) विश्वराज बम
६) गोपाल बोहरा
७) भिम बस्नेत
८) विरेन्द्र के.सी
९) खड्ग बहादुर बम
१०) कल बहादुर बम
११) नरेश बोहरा
१२) शान्ति भट्टराई
१३) खुम ब. बम
१४) अर्जुन कु. विष्ट
१५) कुमार रोकाया
१६) मनिराज महतारा
१७) डलिम महतारा
१८) धन ब० शाही
१९) कमल रोकाया
२०) हेमराज न्यौपाने
२१ टेक ब. खड्का
२२ ठाकुर खड्का
२३ गणेश पुरी
२४ ओमेन्द्र बम
२२ उपेन्द्र बम
२३ सन्तोष शाही
२४ गोरेश बम
२५ मनोज बम
२६ रन विक
२६ मनिषा न्यौपाने
२८ मोती कार्की

29 धन ब० रोकाया
30 धनलाल प्याकुरेल
31 अस्मिता बम (साईनो)
32 पितरा धमाई
33 कौश बम
34 विष्णु प्रसाद जोशी
35 शंकर ब० रोकाया
36 देव विवेक -
37 जर्नेल धामी · अ·स·ई·
38 सुजिम धामी
39 किरण बहादुर बम·
40 रंग रोकाया
41 शितल बहादुर शाही
42. परिमल विक
43 भरत रोकाया
44. शिवत अधिकारी
45 हर्ष ब० हमाल
46 सुजन विश्वकर्मा
47 सात वि·क
48 पवराज महतारा
49 प्रभुसन प्याकुरेल
50 रोशन रोकाया
51 दिपेन्द्र ब० हमाल
52 पुर्ण बम
53 नरेन्द्र बुढा
54 मिम बुढा
55 बालबहादुर मोमियानी
56 शान्ति भण्डारी
57 पदम बहादुर शाहि
58 महेन्द्र नायक
59 धनमा [illegible]
60 जनक रावल

निर्णय तथा प्रस्तावहरु

प्रस्ताव नं. १ आ.व. २०८२।०८३ को बजेट स्विकृत तथा अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. २ आर्थिक ऐन २०८२ पास गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ३ करार कर्मचारीको निरन्तरता सम्बन्धमा।

निर्णय नं. १ प्रस्ताव माथी छलफल गर्दा यस पल्लोता गाउँपालिकाको आ.व. २०८२।०८३ को बजेट विस्तृत रुपमा छलफल गरी उक्त बजेट प्रस्तुत भई सर्व-सहमतीमा पारित तथा अनुमोदन गरियो।

निर्णय नं. २ प्रस्ताव माथी छलफल गर्दा यस पल्लोता गाउँपालिकाको आर्थिक ऐन २०८२ लाई सर्वसहमत द्वारा पास गर्ने निर्णय गरियो।

निर्णय नं. ३ प्रस्ताव माथी छलफल गर्दा यस पल्लोता गाउँपालिका कार्यालय अन्तर्गत करार सेवामा काम काज गर्दै आइरहेका प्राविधिक तथा प्रशासनिक करार कर्मचारीलाई आ.व. २०८२।०८३ मा निरन्तरता दिने निर्णय सर्वसहमत पास गरियो।

"स्वच्छ,समृद्ध र सुसंस्कृत पलाँता"
आर्थिक वर्ष २०८२/८३ को बजेट

<u>आर्थिक वर्ष २०८२/८३ को आय र ब्ययको विवरण</u>

आदरणीय गाउँ सभाका अध्यक्ष ,वडा अध्यक्ष एवम सभाका सदस्य ज्युहरु तथा जनसमुदायहरु,
सम्मानित गाउँ सभाका प्रमुख अतिथि,विशेष अतिथि तथा दाजुभाई एवम दिदिवहिनिहरु अव म आर्थिक वर्ष २०८२/८३ को (वजेट) आय व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आय तर्फ

१. संघिय सरकार

| | |
|---|---|
| क. वित्तिय समानिकरण अनुदान | =रु १० करोड ४६ लाख |
| ख. सशर्त चालु तर्फ | =रु १६ करोड ४२ लाख |
| ग. सशर्त पुजिगत तर्फ | = रु ३ करोड ५९ लाख |
| घ. विशेष अनुदान तर्फ | = रु नभएको |
| ङ. समपुरक अनुदान तर्फ | = रु नभएको |
| च. राजस्व वाँडफाड तर्फ | = रु १० करोड ८६ लाख ८६ हजार ५ सय १२ |

<u>जम्मा संघिय अनुदान रकम रु ४१ करोड ३३ लाख ८६ हजार ५ सय १२</u> ।

२. प्रदेश सरकार

| | |
|---|---|
| क. वित्तिय समानिकरण अनुदान तर्फ | =रु १ करोड २७ लाख २९ हजार |
| ख. सशर्त चालु अनुदान तर्फ | =रु ९लाख १० हजार |
| ग. सशर्त पुजिगत अनुदान तर्फ | =रु २ करोड ३० लाख |
| घ. विशेष अनुदान तर्फ | =रु नभएको |
| ङ. समपुरक अनुदान तर्फ | =रु नभएको |
| च. राजस्व वाँडफाड तर्फ | =रु १५ लाख ५७ हजार ३ सय ३४ |

<u>जम्मा प्रदेश अनुदान रकम रु ३ करोड ८१ लाख ९६ हजार ३ सय ३४</u>

३. आन्तरिक श्रोत (अनुमानित)

क. आन्तरिक आय( आन्तरिक राजस्व) =२५ लाख
ख. मौज्दात रकम (अल्याय रकम गत आवको रकम) =२ करोड ८२ लाख ५० हजार
<u>जम्मा आन्तरिक श्रोत रकम रु ३ करोड ७ लाख पचास हजार</u>

<u>जम्मा गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट रकम रु =४८ करोड २३ लाख ३२ हजार ८ सय ४६</u>